www.hamrosamachar.com.np

# हाम्रो समाचार

राष्ट्रिय दैनिक



२ माहुत समुदायको श्रमप्रतिको निष्ठा र...

३ बाँकेमा बढ्यो डेंगु संक्रमण...

४ नेपाली कांग्रेसको सभापतिमा गगन थापा निर्वाचित...

# दसैंको किनमेलमा सीमापारिको चमक घट्दा नेपालगञ्जका मलहरूमा बढ्यो आकर्षण



रूपैडिहाबाट किनमेल गरेर फर्किएका नेपालीहरू । तस्विरः हाम्रो समाचार

**गत वैशाखदेखि नेपालगञ्ज भन्सार नाकाबाट रु. १०० भन्दा बढी मूल्यका सामान बिना भन्सार नेपाल ल्याउन रोक लगाइएको थियो। पछि उक्त सीमा बढाएर रु. ५०० पुऱ्याइए पनि यसभन्दा माथिका हरेक सामानमा भन्सार अनिवार्य गरिएको छ। यही बाध्यात्मक नियमले गर्दा व्यक्तिगत रुपमा सीमापारि गएर सामान्य किनमेल गर्ने चलनमा ठूलो असर परेको छ।**

**-हाम्रो समाचार-**

नेपालगन्ज–दसैँ र तिहार जस्ता महान् चाडपर्व नजिकिँदै गर्दा बाँकेको नेपालगञ्जसँग जोडिएको सीमावर्ती भारतीय बजार रूपैडिहामा हरेक वर्ष पाइला टेक्ने ठाउँ हुन्नथ्यो।

नयाँ लत्ताकपडा, पूजाका सामग्री र घरका लागि आवश्यक उपभोग्य वस्तुको किनमेल गर्न जमुनाहा नाका हुँदै दैनिक हजारौँ नेपाली उपभोक्ताहरूको घुइँचो सीमापारि लाग्थ्यो। रूपैडिहाका गल्लीहरू नेपाली ग्राहकहरूको भिडले खसास हुन्थे। तर, यसपटक भने त्यो पुरानो रौनकता र चहलपहलमा ठूलो ब्रेक लागेको छ।

रूपैडिहा बजार सुनसानप्रायः देखिन थालेको छ भने यसको प्रत्यक्ष सकारात्मक र नकारात्मक प्रभाव स्थानीय बजारमा समेत पर्न थालेको छ।सीमावर्ती भारतीय बजारमा नेपालीहरूको भीड घट्नुको प्रमुख कारण जमुनाहा नाकामा गरिएको कडा सुरक्षा जाँच र भन्सारसम्बन्धी नयाँ नियम हो।

नेपालगञ्ज उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष कृष्णप्रसाद श्रेष्ठका अनुसार अघिल्ला वर्षहरूमा भारतीय बजारबाट सहजै किनमेल गरेर सामान नेपाल भित्र्याउन सकिन्थ्यो, तर यसपटक दुवैतर्फको कडा जाँच र भन्सार प्रक्रियाले गर्दा उपभोक्ताहरू हैरान बनेका छन्।

गत वैशाखदेखि नेपालगञ्ज भन्सार नाकाबाट रू. १०० भन्दा बढी मूल्यका सामान बिना भन्सार नेपाल ल्याउन रोक लगाइएको थियो। पछि उक्त सीमा बढाएर रू. ५०० पुऱ्याइए पनि यसभन्दा माथिका हरेक सामानमा भन्सार अनिवार्य गरिएको छ। यही बाध्यात्मक नियमले गर्दा व्यक्तिगत रूपमा सीमापारि गएर सामान्य किनमेल गर्ने चलनमा ठूलो असर परेको छ।

नेपालगञ्ज–२१ पुरैनाकी सिर्जना थापा आफ्नो अनुभव सुनाउँदै भन्नुहुन्छ, "अघिल्ला वर्षहरूमा चाडपर्वका बेला सहजै किनमेल गर्न पाइन्थ्यो। तर यसपटक नाकामा हुने झन्झटिलो जाँच र सास्तीका कारण सीमापारी जाने क्रम घटेको छ। रू. ५०० भन्दा बढीको सामानमा पनि भन्सार तिर्नुपर्ने बाध्यताले उपभोक्ताहरू रूपैडिहा जानै छोडेका छन्।"

रूपैडिहा जाने उपभोक्ताको संख्या घटेसँगै त्यसको सकारात्मक प्रभाव नेपालगञ्जकै स्थानीय बजार तथा आधुनिक सुपर स्टोरहरूमा परेको छ। सीमापारि जानबाट वञ्चित वा हत्तोसाहित भएका उपभोक्ताहरू अहिले नेपालगञ्जका शपिङ मलहरूतर्फ आकर्षित भएका छन्।

उपभोक्ता अधिकारकर्मी प्रभातकुमार ठकुरीका अनुसार नेपालगञ्जस्थित भाटभटेनी, वेष्टर्न मार्ट लगायतका सुपर स्टोरहरूमा नेपाली उपभोक्ताको भीडभाड उल्लेख्य रूपमा बढेको छ। उहाँ भन्नुहुन्छ, "भन्सार कडाइले गर्दा सीमापारि जान रोकिएका उपभोक्तालाई आफ्नै देशमा किनमेल गर्ने वातावरण बनाउन यहाँका व्यापारी र उद्योग वाणिज्य संघले विशेष पहल गर्नुपर्छ।" साथै, चाडपर्वको मौका छोपी नेपाली बजारमा हुनसक्ने मूल्यवृद्धि, कालोबजारी र कृत्रिमक्रमशः ४ पेजमा ▸

# बाँकेमा छ महिनामा १४ हजार मतदाता थपिए

**-हाम्रो समाचार-**

नेपालगन्ज–बाँकेमा पछिल्लो ६ महिनामा करिब १४ हजार मतदाता थपिएका छन् । प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ पछि चैत्र २२ गतेदेखि बाँकेमा मतदाता नामावली संकलन पुनः सुरू भएको थियो ।

जिल्ला निर्वाचन कार्यालय बाँकेका सूचना अधिकारी युवराज पन्तका अनुसार, २०८३ चैत २२ गतेदेखि २०८४ असोज २२ गतेसम्मको अवधिमा नयाँ १३ हजार ८ सय ९७ मतदाता थपिएका हुन् । जसमा राष्ट्रिय परिचय पत्रबाट दर्ता भएका १० हजार ४ सय १ र आवेदन मार्फत दर्ता भएका ३ हजार ४ सय ९६ रहेका छन् ।

गत बर्ष प्रतिनिधिसभा निर्वाचन अघि राष्ट्रिय परिचयपत्र बनाएकाहरूले नलाइनबाट आफैलेमतदाताका लागि आवेदन गर्न सक्ने व्यवस्था मिलाइएको थियो ।

आवेदनमार्फत दर्ता हुनेमा १ हजार ७ सय ६३ महिला र १ हजार ७ सय ३३ पुरूष रहेका छन् । त्यस्तै, राष्ट्रिय परिचयपत्रमार्फत दर्ता हुनेमा ४ हजार ९ सय ५० महिला र ५ हजार ४ सय ५१ पुरूष रहेका छन् । 'मतदाता नामावली संकलन नियमित रूपमा जारी छ', सूचना अधिकारी पन्तले भने ।

यसैबीच बाँकेमा मतदाता नामावली अद्यावधिक गर्ने क्रममा ३ हजार बढीको मतदाताको नाम हटाइएको छ । मृत्यु भएका तथा दोहोरो मतदाता रहेका व्यक्तिको विवरण अद्यावधिक गरी नामावलीबाट हटाइएको जिल्ला निर्वाचन कार्यालय बाँकेका प्रमुख टेक बहादुर शाहीले जानकारी दिएका छन् ।

मतदाता नामावली अद्यावधिक कार्यविधि, २०८१ ले निर्दिष्ट गरेको प्रक्रियाअनुसार २०८३ भदौ १५ गतेसम्म संकलन तथा अद्यावधिकका लागि प्राप्त विवरण समावेश गरी अद्यावधिक कार्यक्रम नामावाली हटाइएको हो ।

जिल्ला निर्वाचन कार्यालय बाँकेका सूचना अधिकारी युवराज पन्तका अनुसार, बाँकेका आठ वटै स्थानीय तहका ३ हजार ५० जनाको नाम हटाइएको छ ।

कार्यालयका अनुसार, सबैभन्दा धेरै नेपालगन्ज उपमहानगरपालिकाबाट ८ सय २० जनाको नाम हटाइएको छ । त्यस्तै, कोहलपुर नगरपालिकाबाट ७ सय ६६ जना, राप्तीसोनारी गाउँपालिकाबाट ३ सय ७१, डुडुवा गाउँपालिकाबाट १ सय २१, खजुरा गाउँपालिकाबाट ३ सय २०, बैजनाथ गाउँपालिकाबाट २ सय ८९, जानकी गाउँपालिकाबाट १ सय ८६ र नरैनापुर गाउँपालिकाबाट १ सय २१ जनाको नाम मतदाता नामावलीबाट हटाइएको छ ।

# बसको ठक्करबाट वरिष्ठ लेखा अधिकृतको मृत्यु

**-हाम्रो समाचार-**

नेपालगन्ज–दाङको लमही नगरपालिका–१ सुण्डबरीमा बसको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा घोराही उपमहानगरपालिका–१७ चौघेरा निवासी ५० वर्षीय चेतबहादुर केसी हुनुहुन्छ । उहाँ लुम्बिनी प्रदेशको कृषि तथा भूमि व्यवस्था मन्त्रालयमा वरिष्ठ लेखा अधिकृतका रूपमा कार्यरत हुनुहुन्थ्यो ।

पूर्व–पश्चिम राजमार्गअन्तर्गत सुण्डबरीमा शुक्रबार साँझ करिब ६ बजे नेपालगञ्जबाट काँकडभिट्टातर्फ जाँदै गरेको प्रदेश १–०१–००१ ख ४१४८ नम्बरको बसले विपरीत दिशाबाट आउँदै गरेको लुम्बिनी प्रदेश ०३–००१ प ८५९८ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको प्रहरीले जनाएको छ।

बसको ठक्करबाट मोटरसाइकल चालक केसीको शरीरका विभिन्न भागमा गम्भीर चोट लागेको थियो।

उहाँलाई उपचारका लागि लमही अस्पताल पुऱ्याइएकोमा साँझ साढे ६ बजे चिकित्सकले मृत घोषणा गरेका थिए। दुर्घटनापछि प्रहरीले बस, बस चालक लाई नियन्त्रणमा लिएको छ।

## यौन हिंसाबाट बचौं र बचाऔं

- यौन हिंसाबाट बचौं र बचाऔं ।
- यौनजन्य हिंसा सामाजिक अपराध हो ।
- यस्तो हिंसा छिमेकी, आफन्त र नातेदारबाट समेत हुनसक्छ ।
- अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं ।
- उनीहरूको चालचलन, बानी, व्यवहारमा अस्वभाविक परिवर्तन आएको हुनसक्छ ।
- त्यस्तो पाइए तत्काल उनीहरूसँग कुरा गरौं ।
- बालबालिकालाई कुनै समस्या भए मन मिल्ने साथी वा अभिभावकलाई बताऔं ।

गोविन्द रेग्मी
वडाध्यक्ष
नेपालगन्ज उपमहानगरपालिका
९ नं. वडा कार्यालय

## गर्मी मौसममा संक्रामक रोगबाट बचौं र बचाऔं

- गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजा लगायतका विभिन्न संक्रामक रोगहरू फैलिन सक्दछन् ।
- संक्रामक रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं ।
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं ।
- बासी तथा सडेगलेका खाना नखाऔं ।
- घरभित्र र वरपरको सरसफाईमा ध्यान दिऔं

प्रशान्त श्रेष्ठ
वडाध्यक्ष
नेपालगन्ज उपमहानगरपालिका
७ नं. वडा कार्यालय

हाम्रो समाचार
राष्ट्रिय दैनिक

## सम्पादकीय

# माहुत समुदायको श्रमप्रतिको निष्ठा र राज्यको उत्तरदायित्व

बाँकेको डुडुवा र नेपालगञ्जका बस्तीहरूमा वर्षौंदेखि बसोबास गर्दै आएको माहुत समुदाय अहिले एक गम्भीर सङ्क्रमणकालीन चरणबाट गुज्रिरहेको छ। पुर्वदिखि चल्दै आएको 'मागेर खाने' पेसालाई तिलाञ्जली दिँदै श्रम, मजदुरी र आत्मसम्मानको जगमा उभिने यो समुदायको प्रयास आफैँमा प्रशंसनीय र अनुकरणीय छ। तर, जातीय पहिचानको सङ्कट, चरम गरिबी, शिक्षा र स्वास्थ्यको अभाव तथा राज्यको आधिकारिक सूचीकरणमा पर्न नसक्नुका कारण उनीहरूको रूपान्तरणको यात्रा निकै कष्टकर बनेको छ। एक पुस्ताअघिसम्म नागरिकतामा 'मगन्ता' लेखिन बाध्य यो समुदायले आत्मसम्मानका लागि आफ्नो थर 'माहुत' त बनाएका छन्, तर नाम फेरिए पनि उनीहरूको जीवनको निर्धो यथार्थ फेरिन सकेको छैन। करिब दुई सय घरपरिवार र एक हजारको जनसंख्यामा सीमित यो अल्पसंख्यक समुदायसँग न खेतीका लागि जमिन छ, न व्यापारका लागि पूँजी, न त रोजगारीका लागि सीप नै। बिहान–साँझ हातमुख जोड्ने समस्या, बालविवाहको प्रकोप, शुद्ध खानेपानी र सडक जस्ता आधारभूत पूर्वाधारको अभावले उनीहरूको दैनिक जीवनलाई थप सङ्कटग्रस्त बनाएको छ।

सबैभन्दा उदेकलाग्दो विषय त के छ भने, मागेर खाने कुप्रथा छाडेर श्रमको बाटो रोजेको यो अल्पसंख्यक र सीमान्तकृत समुदाय हालसम्म पनि राज्यको आधिकारिक निकायमा सूचीकृत हुन सकेको छैन। जसका कारण राज्यले लोपोन्मुख तथा सीमान्तकृत जातिलाई प्रदान गर्ने सामाजिक सुरक्षा र विशेष अवसरबाट यो समुदाय पूर्ण रूपमा वञ्चित छ। स्थानीय तहले आफ्ना विकास बजेट र योजनाहरू यस्ता अति विपन्न बस्तीसम्म पुर्‍याउन नसक्नु र राज्यका संयन्त्रहरू सूचीकरणको कानुनी अल्झो देखाएर पन्छिनु नागरिकप्रतिको दायित्वबाट विमुख हुनु हो।

चेतनाको नयाँ किरण बोकेर श्रम र पसिनामार्फत आत्मनिर्भर बन्न खोजेका माहुत समुदायका युवाहरूको यो सोचगत परिवर्तनलाई राज्यले अवसरका रूपमा लिनुपर्छ। मागेर खाने संस्कृति अन्त्य हुनु समाजको सकारात्मक रूपान्तरण हो, जसलाई प्रोत्साहन गर्नु राज्यको दायित्व हो। तसर्थ, संघीय, प्रदेश र स्थानीय सरकारले अविलम्ब माहुत समुदायलाई अल्पसंख्यक तथा सीमान्तकृत जातिको रूपमा आधिकारिक सूचीकरण गर्ने प्रक्रिया अगाडि बढाउनुपर्छ। साथै, उनीहरूका लागि लक्षित गरी सीपमूलक तालिम, रोजगारीको सिर्जना, बालबालिकाका लागि निःशुल्क शिक्षा, स्वास्थ्य सेवा र आवासको ग्यारेन्टी गरिनुपर्छ। आत्मसम्मानका साथ बाँच्न पाउने संवैधानिक अधिकारको प्रत्याभूति गराउँदै माहुत समुदायलाई मूलधारमा ल्याउन राज्यले ढिलाइ गर्नु हुँदैन।

# आफूले आफूलाई चिन्नुको महत्व



डा. प्रेम रावत

**म के भन्न चाहादिन भने यदि तपाईंले शान्तिको अनुभूति गर्नु छ भने तपाईंले संन्यास लिनुपर्छ, यदि तपाईंलाई यो चीज चाहिन्छ भने तपाईंले आफ्नो परिवार छोड्नुपर्छ । अहा, होइन । जस्तो तपाईं हुनुहुन्छ, त्यस्तै रहनुहोस् । फुल्नुहोस्, फल्नुहोस् र अझै प्रगति गर्नुहोस् । म त के भन्न चाहन्छु भने जे तपाईं गर्न सक्नुहुन्छ, त्यो गर्नुहोस् तर भित्र पनि फुल्नुहोस्, फल्नुहोस् ।**

जे देखिन्छ त्यो आफ्नो हुँदैन अनि जे आफ्नो हो त्यसलाई देख्न सकिँदैन । संसारमा सबैभन्दा महत्त्वपूर्ण कुरा यो हो । केही वर्षअघि संसारभरि नै कोरोना भाइरसको प्रभावका कारण मानिसले धेरै नै दुःख व्यहोर्नुपरेको थियो । तथापि, त्यस्तो परिस्थितिका बीचमा पनि कुनै यस्तो कुरा होला त जसलाई भन्न सकियोस्, 'योचाहिँ सत्य हो !' जसलाई भन्न सकियोस्, 'योचाहिँ दिव्य चीज हो !' जसलाई भन्न सकियोस्, 'योचाहिँ आनन्ददायक छ !' त्यस्तो समयमा पनि मानिसका लागि उपलब्ध हुने कुनै यस्तो चीज छ ? त्यो समयमा त मानिसहरूमा आशाको भण्डार नै रहेन । केवल निराशा मात्र थियो ।

कतिपय मानिसका लागि कारोना भाइरस आउनु, त्यसले प्रभाव पारिरहनु साँच्चै रावणभन्दा कम थिएन । कतिपय मानिसहरूका आमाबुवा, भाइबहिनीलगायतले त्यही रोगका कारण मृत्युवरण गर्नुपरेको थियो । उनीहरूले राम्रोसँग अन्तिम बिदाइ पनि गर्न पाएनन् । उनीहरूका आमाबुवा अस्पतालमा बिरामी अवस्थामा भएका बेलामा उनीहरूलाई स्याहारसुसार गर्न पनि सकेनन् उनीहरूले ।

यदि मानिसमा हिम्मत रहयो भने उसले प्रतिकूल परिस्थितिमा पनि जित हासिल गर्न सक्छ । कुन कुराबाट हौसला प्राप्त गर्न सकिन्छ ? असत्यबाट मिल्ला कि सत्यबाट ? ज्ञानबाट कि अज्ञानताबाट ? यो समयमा जे तपाईंको होइन, त्यो तपाईंको होइन । अनि, जे तपाईंको हो नि केवल त्योचाहिँ तपाईंको हो । अनि, जुन चीज तपाईंको हो त्यसलाई तपाईं आफूसँग बन्द कोठाभित्र पनि लैजान सक्नुहुन्छ । किनभने, त्यो तपाईंभित्र छ । यो अवस्थामा तपाईं आफूले आफूलाई कति बुझ्नुहुन्छ ? कति चिन्नुहुन्छ ? तपाईं जीवनमा आफूले आफूलाई कि त आफ्ना समस्यासँग तौलिनुहुन्छ कि त जुन कुरा तपाईंले हासिल गर्नुभयो ती चीजसँग जोखेर हेर्नुहुन्छ !

आफूले आफूलाई सबैभन्दा ठूलो कुरा त सबै चीज ठीकठाक छ । जबसम्म यो श्वासरूपी उपहार तपाईंभित्र आइरहेको हुन्छ अनि गइरहेको हुन्छ तबसम्म सबै कुरा राम्रो हुन्छ । चाहे कोरोना भाइरस होओस् या नहोओस् । माक्स लगाउनु परोस् या नपरोस् । घरमा बसिरहनु परोस् या नपरोस् । जेसुकै होओस् । चाहे बाहिर रावणरूपी कालो बादल मडारिरहेको होओस् अनि त्यसले तपाईंको सीतारूपी शान्तिलाई हरण गर्न खोजिरहोस् तर पनि, तपाईंभित्र यो श्वास आइरहेको छ र गइरहेको छ भने सबै कुरा ठीकठाक छ ।

आफूले आफूलाई चिन्नुको महत्त्व के हो भने यो लडाइँका बीचमा तपाईंले 'म को हुँ' भनेर चिन्न सक्नुहोस् । यो श्वासको आवागमन, यदि यो वास्तविकताबाट तपाईं टाढा जान खोज्दै हुनुहुन्छ भने त्यसो नगर्नुहोस् । यो त वास्तवमा आशीर्वाद हो । यसलाई हेर्नुहोस्, यसलाई चिन्नुहोस् ! तपाईंको जीवन प्राप्त हुनु पनि आशीर्वाद हो । तपाईं यो संसारमा हुनु यो तपाईंका लागि आशीर्वाद हो अनि यो वास्तविकताबाट बाहिर उम्कने काम नगर्नुहोस् । जस्तो मैले भनेँ– जे चीजलाई देखेका छौँ त्यो आफ्नो होइन । यो सारा संसारलाई हेरेर यो दुनियाँले भन्छ– यो मेरो हो, यो मेरो हो । जुन चीज देखिन्छ त्यो आफ्नो होइन अनि जुन आफ्नो हो त्यसलाई देख्न सकिँदैन, तर किन देख्न सकिँदैन ? जुन आफ्नो हो त्यसलाई त देख्न सक्नुपर्ने हो, किनभने त्यो त तपाईंको हो । त्यो त आफ्नो हो । यसकारण देख्न सकिँदैन, किनभने वास्तविकतालाई देख्न नपरोस् भनेर आँखामा पट्टी बाँधिएको छ । यथार्थ के हो ! खाली हात आउनुभएको थियो अनि खाली हात नै जानुहुनेछ ।

यो जुन तपाईंको शरीर छ जसलाई तपाईं आफ्नो ठान्नुहुन्छ नि यो तपाईंको होइन । यो श्वास निस्केर गएपछि यो माटो बिस्तारै–बिस्तारै यही माटोमा गएर मिसिन्छ । तब तपाईंको आफ्नो के रहन्छ ? यो श्वास, यो ज्ञान, यो आनन्द, यो परमानन्द जुन तपाईंको हृदयमा छ । जबसम्म तपाईंभित्र यो श्वास आइरहेको छ अनि गइरहेको छ भने तपाईंको जीवन छ । तपाईं जीवित हुनुहुन्छ । तपाईं यो सत्यलाई बदल्न सक्नुहुन्न । यो सत्य त सत्य नै हो । यदि तपाईंले यसलाई बुझ्नुभयो, पहिचान गर्नुभयो भने तपाईंको जीवनमा आनन्द प्राप्त हुनेछ ।

चाहे जस्तोसुकै समय भए पनि हिम्मत नहार्नुहोस् । जस्तोसुकै परिस्थितिमा रहेर जिइरहनुभएको भए पनि हिम्मत नहार्नुहोस् अनि आफ्नो कथालाई पूरा गर्नुहोस् । यो तपाईंको कथा हो ।

मानिस चिन्तित अवस्थामा आफूसँग के–के छ भन्ने कुरालाई बिर्सन्छ । जुन आनन्द प्राप्तिका लागि मानिसले आफ्नो जीवनमा कोशिश गरिरहन्छ त्यो साँचो आनन्द सधैँ उसैभित्र विद्यमान छ । चाहे परिस्थिति बदलियोस्, चाहे जस्तोसुकै अवस्था आओस् । यो प्राप्त भएको अवसर डराउनका लागि होइन । यो हिम्मतले काम गर्ने अनि आँखा खोलेर अघि बढ्ने अवसर हो । पछि के हुनेछ त्यसका बारेमा कसैलाई पनि थाहा छैन ।

कसले यो सबैथोक रचना गरे अनि यसभित्र जेजस्तो सुन्दरता छ त्यो सबै उपलब्ध गराए, त्यो कुरालाई विश्वास गर्नु आवश्यक छ, बुझ्नुपर्ने आवश्यकता छ । मानिसलाई जुन चीजहरूको आवश्यकता थियो या जुन चीजहरूको आवश्यकता छ ती सबै चीज उपलब्ध छन् । मानिसलाई तब डर लाग्छ जब उसले अब के भइरहेको छ भनेर बुझ्न सकेको हुँदैन । उसमाथि कति दयाको वर्षात् भएको छ भन्ने कुरालाई उसले भुलेको छ । उसको जीवनमा जेसुकै भए पनि, यो एउटा मौका हो भन्ने कुरालाई मानिसले बिर्सेको छ । यो आनन्द लिने अवसर हो । भोलिका लागि होइन, पर्सिका लागि पनि होइन तर जबसम्म यो श्वास आइरहन्छ अनि गइरहन्छ तबसम्म यो मौका हो । त्यसको सम्पूर्ण तवरले फाइदा उठाउनु हाम्रो दायित्व बन्छ ।

मानिसहरू के चाहन्छन् भने प्रकाश भएपछि हामीले हेर्न चाहेको चीजलाई यसले देखाओस् । यो सबैभन्दा महत्त्वपूर्ण कुरा हो । तर, प्रकाशले यसो गर्दैन । प्रकाशले भएको चीजलाई नै देखाउँछ । प्रकाशले कुनै चीजको सृजना गर्ने होइन । अँध्यारो पनि कस्तो चीज हो भने अँध्यारो भएका बेलामा आँखाले त केही हेर्न चाहन्छ । कुनै बेला धेरै समय अँध्यारो भएर एक्कासी प्रकाश हेर्नुपर्ने भयो भने त्यो मानिसका लागि राम्रो हुँदैन । उसले आँखा बन्द गर्नुपर्ने हुन्छ । के हाम्रो जीवनमा पनि त्यस्तै भइरहेको त छैन ? हामीले देख्न सकिरहेका छैनौँ ! अर्थात्, अँध्यारोसँग यति धेरै अभ्यस्त भयौँ किनभने प्रकाशलाई देख्नासाथ आत्तिन पुग्छौँ तर यस्तो हुनुहुँदैन । मानिसको जीवनमा सबैभन्दा ठूलो कुरा त के हो भने जबसम्म तपाईं जीवित हुनुहुन्छ तबसम्म तपाईंको जीवनमा एउटा आशा हुनुपर्छ । निराशा होइन, आशा । तपाईं जीवित रहुन्जेलसम्म असत्यलाई होइन सत्यलाई हेर्नुहोस् । यदि सत्यलाई हेर्नुभयो भने तपाईंले असत्यसँग डराउनुपर्ने अवस्था हुँदैन । तथापि, तपाईंको ध्यान सत्यमा हुनुपर्छ, असत्यमा होइन ।

मानिसहरू हिम्मत हार्न थाल्छन् । अब के होला भनेर आत्तिन थाल्छन् । हिम्मतले काम गर्नुहोस्, नडराउनुहोस् । जबसम्म तपाईं जीवित हुनुहुन्छ तबसम्म कुनै चीज तपाईंभित्र छ । त्यस चीजको अनुभव गर्दै तपाईं आफ्नो जीवनमा 'म कति भाग्यशाली छु' भनेर बुझ्न सक्नुहुन्छ । जबसम्म यो श्वास आइरहन्छ तबसम्म तपाईं भाग्यशाली हुनुहुन्छ । तपाईं जीवित रहनुन्जेलसम्म तपाईं भाग्यशाली हुनुहुन्छ । यदि तपाईं नै डराउन लाग्नुभयो भने तपाईंको छेउछाउमा जो–जो छन्, जसले तपाईंलाई प्रेम गर्छन् ती पनि डराउन थाल्छन् । यदि उनीहरू पनि डराउन थाले अनि तपाईं पनि डराउन थाल्नुभयो र सबै डराउन थाले भने त डरको मात्रा बढ्ने नै छ । त्यसपछि कसले हिम्मत बढाउला ? जब खराब समय हुन्छ त्यतिखेर हिम्मतको आवश्यकता पर्दछ । प्रकाशको आवश्यकता पर्छ अनि त्यो प्रकाश तपाईंभित्र छ । त्यसलाई बुझ्नुहोस्, त्यसलाई चिन्नुहोस्, त्यसलाई नियाल्नुहोस् । तपाईं जहिलेसम्म जीवित रहनुहुन्छ, यो त अवसर हो । यो कुरा म कसरी भनिरहेको छु किनभने जबसम्म यो श्वास आइरहेको हुन्छ र गइरहेको हुन्छ– यो ती सृष्टिकर्ताको कृपा हो र यसलाई स्वीकार गर्नुहोस् ।

तपाईंलाई म सबैभन्दा ठूलो खुशीको खबर सुनाउँछु । भर्खरै तपाईंभित्र श्वास आयो, योभन्दा ठूलो खुशीको खबर छैन । यो श्वास आयो– जसै आयो, तपाईं जीवित हुनुहुन्छ । यो जानेछ र फेरि आउनेछ । के तपाईंले यसलाई बुझ्नुभयो ? यो के हो ? के बसेको छ यसमा ?

यो श्वासभित्र कुनै प्रश्न छैन, केही द्विविधा छैन । यसमा वास्तविक शान्ति रहेको छ । यो जुन श्वास आइरहेको छ, यसमा सृष्टिकर्ताले श्वासरूपी कोक्रोलाई हल्लाइरहेका छन् । यो हो मस्ती ! यो हो साँचो मस्ती ! यसमा मस्त हुनुहोस् । यस्तो आनन्द तपाईंले अन्त कतै पाउनुहुन्न । कस्तो आनन्द ! दुःखमा, सुखमा, तपाईं जहाँ जानुहुन्छ, यसबाट तपाईं अलग्गिन सक्नुहुन्न । जुन दिन तपाईं यसबाट बञ्चित हुनुहुनेछ, त्यस दिन सबै गयो । सबै गयो । विचार गर्नुहोस् त– यो हो भगवान्को कृपा । र, यो कृपा तपाईंमाथि भयो, भर्खरै भयो । के तपाईंलाई थाहा छ, यो कहिलेदेखि चलिरहेको छ ? हरेकचोटि यो श्वास चल्दा सृष्टिकर्ताले तपाईंलाई आशीर्वाद दिन्छन् । आफ्नो कृपा तपाईंमाथि गर्छन् ! यसलाई बुझ्नुहोस् । यदि तपाईं बुझ्नुहुन्न भने म बुझाउन सक्छु ।

म के भन्न चाहँदिन भने यदि तपाईंले शान्तिको अनुभूति गर्नु छ भने तपाईंले संन्यास लिनुपर्छ, यदि तपाईंलाई यो चीज चाहिन्छ भने तपाईंले आफ्नो परिवार छोड्नुपर्छ । अहँ, होइन । जस्तो तपाईं हुनुहुन्छ, त्यस्तै रहनुहोस् । फुल्नुहोस्, फल्नुहोस् र अझै प्रगति गर्नुहोस् । म त के भन्न चाहन्छु भने जे तपाईं गर्न सक्नुहुन्छ, त्यो गर्नुहोस् तर भित्र पनि फुल्नुहोस्, फल्नुहोस् । तपाईं आफ्नो जिन्दगीमा के चाहनुहुन्छ त्यो तपाईंमाथि निर्भर छ । तपाईंलाई उनले शक्ति दिएका छन् । तपाईं जे चाहनुहुन्छ, गर्न सक्नुहुन्छ । तपाईं एउटा काम गर्न सक्नुहुन्छ– तपाईं आफ्नो जीवनमा शान्तिको स्थापना पनि गर्न सक्नुहुन्छ ।

(मानवता र शान्ति विषयका अन्तर्राष्ट्रिय वक्ता डा. प्रेम रावतको सम्बोधन । संकलन एवं प्रस्तुतीकरण : डा. प्रेमराज ढुङ्गेल ।

# कोहलपुर नगरपालिकाद्वारा उद्धार कोषमा रु.२० लाख बढी जम्मा

**-हाम्रो समाचार-**

नेपागन्ज–गत भदौ १० गते रसुवामा गएको बाढीबाट प्रभावितको राहतका लागि कोहलपुर नगरपालिकाले रू.२० लाख बढी प्रधानमन्त्री दैवी प्रकोप राहत तथा उद्धार कोषमा जम्मा गरेको छ ।

कोहलपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मानबहादुर गिरीका अनुसार, कर्मचारीबाट रू.१८ लाख ९३ हजार ८५४ र जनप्रतिनिधिबाट रू.१ लाख ८८ हजार ४९३ गरी कुल रू.२० लाख ८२ हजार ३४७ कोषमा जम्मा गरिएको हो ।



नेपाल सरकारको विपद् राहत तथा उद्धारसम्बन्धी निर्णयअनुसार कोहलपुर नगरपालिकाका स्थायी, अस्थायी तथा करार कर्मचारीको नेपाल सरकारले तोकेको अवधिको पारिश्रमिक बराबरको रकम योगदानस्वरूप कट्टा गरी कोषमा जम्मा गरिएको प्रमुख प्रशासकीय अधिकृत गिरीले बताउनुभयो । कोहलपुर नगरपालिकाको भदौ १३ गते बसेको कार्यपालिका बैठकले जनप्रतिनिधिबाट समेत राहत कोषमा सहयोग गर्ने निर्णय गरेको थियो । नगर प्रमुख पूर्णप्रसाद आचार्यका अनुसार, वडा सदस्यबाट तीन दिन, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यबाट पाँच दिन र नगर प्रमुख तथा उपप्रमुखबाट सात दिन बराबरको पारिश्रमिक राहत कोषमा जम्मा गरिएको हो । बाढीबाट प्रभावित नागरिकको राहत तथा उद्धारमा सहयोग पुऱ्याउने उद्देश्यले नगरपालिकाका कर्मचारी र जनप्रतिनिधिले आफ्नो पारिश्रमिकबाट योगदान गरेका हुन् ।

यसैबीच बाँकेको कोहलपुर नगरपालिकामा नेपाली कांग्रेसबाट निर्वाचित जनप्रतिनिधिहरूले पार्टीको विपद् व्यवस्थापन कोषमा रू.३ लाख २ हजार ३४८ सहयोग गरेका छन् । गत भदौ १० गते रसुवामा गएको बाढीबाट प्रभावित नागरिकहरूको सहयोगार्थ उक्त रकम जम्मा गरिएको हो ।

नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिले बाढी प्रभावितहरूलाई राहत उपलब्ध गराउने उद्देश्यले प्रधानमन्त्री दैवी प्रकोप उद्धार राहत कोषमा एकमुष्ट सहयोग गर्ने निर्णय गरेको थियो । सोही निर्णयअनुसार कोहलपुर नगरपालिकामा कांग्रेसबाट निर्वाचित जनप्रतिनिधिहरूले आफ्नो पारिश्रमिकबाट रकम कट्टा गरी पार्टीको विपद् व्यवस्थापन कोषमा जम्मा गरेको कांग्रेस कोहलपुर नगर सभापति तथा वडा अध्यक्ष वीरेन्द्रकुमार शाहले जानकारी दिनुभयो ।

उहाँका अनुसार, नगरपालिकामा कांग्रेसबाट निर्वाचित जनप्रतिनिधिहरूले १० दिन बराबरको पारिश्रमिक विपद् व्यवस्थापन कोषमा जम्मा गरेका हुन् । बाढीबाट प्रभावित नागरिकहरूलाई राहत तथा सहयोग उपलब्ध गराउने उद्देश्यले जनप्रतिनिधिहरूले आफ्नो पारिश्रमिकबाट रकम छुट्याएर सहयोग गरेको शाहले बताउनुभयो । ि

# बाँकेमा बढ्यो डेंगु संक्रमण

**-हाम्रो समाचार-**

नेपालगन्ज–भारतसँग सिमाना जोठिएको बाँके जिल्लामा डेंगुको संक्रमण बढ्दै गएको छ । स्वास्थ्य कार्यालय बाँकेका अनुसार हालसम्म जिल्लामा ९० जनामा डेंगुको संक्रमण पुष्टि भएको छ ।

नेपालगन्जस्थित भेरी अस्पताल, सञ्जीवनी अस्पताल लगायत अन्य अस्पतालहरूमा चेकजाँचका क्रममा गत पुस महिनादेखि असोज १६ गतेसम्म ९० जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय बाँकेका मलेरिया फोकल पर्सन रत्नप्रसाद शर्माले जानकारी दिनुभयो ।

उहाँले डेंगु संक्रमण देखिएका बिरामीहरूमध्ये धेरैले उपचार गराएर घर फर्किसकेको र केही बिरामीको अझै पनि विभिन्न अस्पतालमा उपचार भइरहेको जानकारी आएको बताउनुभयो ।

यसैबिच डेंगु संक्रमण बढ्दै गएको पाइएपछि जोखिम न्यूनीकरणका लागि नेपालगन्ज उपमहानगरपालिकाले 'लार्भा नष्ट' अभियान सञ्चालन गर्ने जनाएको छ । डेंगु संक्रमणको जोखिम न्यूनीकरण गर्न पालिकाका २३ वटै वडामा लामखुट्टेको बासस्थानसहित लार्भा नष्ट अभियान सञ्चालन गर्न लागिएको उपमहानगरपालिकाको जनस्वास्थ्य प्रवर्द्धन शाखा प्रमुख जागेश्वर बस्नेतले बताउनुभयो ।

उहाँका अनुसार अभियानअन्तर्गत घर तथा समुदाय वरिपरि जमेको पानी, गमला, एसी, कुलर लगायत पानी जम्मा हुने स्थानमा डेंगु सार्ने लामखुट्टेको बासस्थान तथा लार्भा खोजी गरी नष्ट गरिनेछ ।

नेपालगन्जको जनस्वास्थ्य प्रवर्द्धन शाखाका जनस्वास्थ्य अधिकृतसमेत रहनुभएका कीटजन्य रोगका सम्पर्क व्यक्ति सरोज रिमालले केही दिनभित्रै लार्भा खोजी गरी नष्ट गर्ने अभियान सञ्चालन गर्ने गरी सम्वद्ध सरोकारवालाहरूसँग छलफल गरिएको बताउनुभयो ।

उहाँका अनुसार विगतमा सञ्चालन गरिएको 'लार्भा खोज र नष्ट गर' अभियानपछि डेंगु संक्रमण घटेको थियो । त्यही भएर यो वर्ष पनि अभियान चलाउन लागिएको हो ।

डेंगु सार्ने लामखुट्टे मङ्सिरसम्म सक्रिय रहने भएकाले सो अवधि अघि नै अभियानलाई प्रभावकारी रूपमा सञ्चालन गर्न लागिएको नेपालगन्ज उपमहानगरपालिकाले जनाएको छ ।


संस्कृति र सांस्कृतिक सम्पदाको संरक्षण गरौ

- संस्कृति र सांस्कृतिक सम्पदा हाम्रा पहिचान हुन्, यिनीहरूको संरक्षण गर्नु हाम्रो दायित्व हो,
- साँस्कृतिक विविधता वीच एकता कायम राखौं,
- सांस्कृतिक धरोहरहरूको प्रचार प्रसार र सुरक्षा गरौं,
- सम्पदा वरिपरि सफा राखी सभ्य समाज निर्माण गरौं,
- सामाजिक मेलमिलाप र भाइचारा कायम राखौं,
- साँस्कृतिक सम्पदाको संरक्षण र सम्मानमा हातेमालो गरौं ।

सोहनलाल थारु, वडाध्यक्ष
राप्ती सोनारी गाउँपालिका
९ नं. वडा कार्यालय
ढकेरी, बाँके



सामाजिक सञ्जालको सदुपयोग गरौ

सामाजिक सञ्जालको अधिक प्रयोगले व्यक्तिमा एक्लोपन,परिवारमा अविश्वास र कलह तथा समाजिक सद्भाव खल्वल्याउन सक्छ,

- सामाजिक सञ्जाललाई सकरात्मक विचार र प्रेरणा फैलाउने माध्यमको रूपमा प्रयोग गरौं,
- अनावश्यक र नकारात्मक सामाग्री, पोष्ट र शेयर नगरौं वा नराखौं,
- स्मार्टफोनको अत्यधिक प्रयोगवाट वालवालिकालाई जोगाऔं,
- सामाजिक सञ्जाललाई सामाजिक सद्भाव, सहिष्णुता कायम गर्ने माध्यम वनाऔं ।

यमबहादुर खड्का, वडाध्यक्ष
राप्ती सोनारी गाउँपालिका
१ नं. वडा कार्यालय
कुसुम, बाँके



सर्वसाधारणमा अनुरोध

राजमार्गमा साना बालबालिकाहरू र घरपालुवा जनावरलाई जथाभावी नछाडौ, दुर्घटना हुनबाट जोगाऔं ।

शालिकराम डाँगी, वडाध्यक्ष
राप्ती सोनारी गाउँपालिका
८ नं. वडा कार्यालय
शमशेरगन्ज, बाँके



धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं

- धुम्रपान र मद्यपानले जाडो घट्ने वा हट्ने होईन।यसले मुटु, दम,श्वासप्रश्वास, क्यान्सरजस्ता दीर्घकालीन रोग लाग्न सक्छ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई त्यस्तो कुलतमा फस्न नदिऔं ।
- कुलतमा रहेकाले त्याग्ने प्रण गरौं।
- यसले तपाई र तपाईको परिवारलाई असर पुयाउँछ त्यसैले,धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं ।

मदनबिक्रम शाह,वडाध्यक्ष
नेपालगन्ज उपमहानगरपालिका
१५ नं. वडा कार्यालय
पिप्रहवा, बाँके



जनहितमा जारी सन्देश

विषादीको प्रयोग भएको खाद्यवस्तु, फलफूल एवं तरकारीको उपभोगबाट प्यारालाइसिस, हृदयघात तथा मृत्युसमेत हुनसक्ने भएकोले त्यस्ता वस्तुको उपभोगमा सावधानी अपनाऔं।

कलिम अहमद जोलाह
वडाध्यक्ष
नेपालगन्ज उपमहानगरपालिका
१६ नं. वडा कार्यालय

# खाद्यको सहुलियत बिक्री केन्द्रमा उपभोक्ता आकर्षित

-हाम्रो समाचार-

नेपालगन्ज–चाडपर्वलाई लक्षित गरी खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको नेपालगञ्जस्थित मुख्य शाखा कार्यालयले सञ्चान गरेको सहुलियत बिक्री केन्द्रमा उपभोक्ता आकर्षित भएका छन् ।

सीमावर्ती भारतीय बजार रूपैडिहाबाट चामल आयतमा नेपालगञ्ज भन्सार कार्यालयले कडाई गरेपछि उपभोक्ता सहुलियत दरमा चामल खरिद गर्न खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको नेपालगञ्ज स्थित सहुलियत बिक्री केन्द्र पुग्ने गरेका छन् ।

दसैं, तिहार, छठ लगायतका चाडपर्वलाई लक्षित गरी नेपालगञ्जमा सहुलियत बिक्री केन्द्र सञ्चालन गरेरर सबै प्रकारका चामलमा प्रतिक्विन्टल रू.पाँच सय छुट गरी सहुलियत दरमा बिक्री गरेपछि उपभोक्ताको आकर्षण देखिएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड मुख्य शाखा कार्यालय नेपालगञ्जका सूचना अधिकारी शिवराज घिमिरेले जानकारी दिनुभयो ।

"चाडपर्वलाई लक्षित गरी सञ्चालन गरिएको नेपालगञ्ज बिक्री केन्द्रबाट चाडपर्व अवधिभर एक सय क्विन्टल चामल बिक्री गर्ने लक्ष्य लिइएको छ",उहाँले भन्नुभयो,"हालसम्म ७५ क्विन्टल भन्दा धेरै चामल बिक्री भईसकेको छ ।"

घिमिरेका अनुसार, खाद्यको नेपालगञ्ज बिक्री केन्द्रबाट अरूवा मोटा, अरूवा मध्यम, मध्यम सिल्की, स्टिम मसिनो जिरा र स्टिम जिरा फोर्टिफाइड चामल बिक्री भईरहेको छ ।

रू. छ हजार १०० क्विन्टल पर्ने अरूवा मोटा चामल रू. पाँच हजार ६००, रू. छ हजार ३०० क्विन्टल पर्ने अरूवा मध्यम चामल रू. पाँच हजार ८००, रू. छ हजार ४०० क्विन्टल पर्ने मध्यम सिल्की चामल रू. पाँच हजार ९००, रू. नौ हजार क्विन्टल पर्ने स्टिम जिरा मसिनो र स्टिम जिरा फोर्टिफाइड चामल रू. आठ हजार ५०० प्रतिक्विन्टलका दरले सहुलियत सहित बिक्री गरिएको सूचना अधिकारी घिमिरेले जानकारी दिनुभयो ।

कार्यालयले बजार मूल्यभन्दा कम दरमा विभिन्न प्रकारका चामल बिक्री गर्दै आएपछि उपभोक्ताले खरिदमा प्रत्यक्ष आर्थिक लाभ पाएका छन् । सहुलियत मूल्यमा बिक्री हुने चामलको दर बजार मूल्यको तुलनामा कम रहेकाले चामल खरिदमा उपभोक्ताको आकर्षण देखिएको उहाँको भनाई छ ।

एक सय क्विन्टल चामल बिक्री गर्ने लक्ष्य रहे पनि उक्त कोटा सकिएपछि बिक्री वितरण विभाग प्रधान कार्यालय काठमाडौँसँगको समन्वयमा आवश्यक कोटा थप गर्न सकिने सूचना अधिकारी घिमिरेले जानकारी दिनुभयो ।

# नेपाली कांग्रेसको सभापतिमा गगन थापा निर्वाचित

-हाम्रो समाचार-

नेपालगन्ज–नेपाली कांग्रेसको केन्द्रीय सभापतिमा गगनकुमार थापा निर्वाचित हुनुभएको छ।

नेपाली कांग्रेसको विधान, २०१७ ( एघारौँ संशोधनसहित) तथा निर्वाचन निर्देशिका, २०८२ बमोजिम सम्पन्न पार्टीको १५औँ महाधिवेशनअन्तर्गत केन्द्रीय कार्यसमितिको निर्वाचनमा थापा सभापति पदमा निर्वाचित हुनुभएको हो।

नेपाली कांग्रेसको १५ औं महाधिवेशन अन्तर्गत शुक्रबार मतदान भएको थियो । नेपाली कांग्रेस केन्द्रीय निर्वाचन समितिले असोज २४ गते सार्वजनिक गरेको निर्वाचन परिणामअनुसार सभापति पदका उम्मेदवार थापाले छ हजार ५८४ मत प्राप्त गर्नुभएको छ। उहाँका प्रतिस्पर्धी श्यामकृष्ण खड्गीले ३७५ मत प्राप्त गर्नुभएको छ।

निर्वाचन समितिका अनुसार कुल सात हजार १३ मत खसेकोमा ५४ मत बदर भएको थियो। कायम मत संख्या छ हजार ९५९ रहेको निर्वाचन परिणाममा उल्लेख छ।

निर्वाचन समितिका संयोजक प्रेमबहादुर खड्काले हस्ताक्षर गरी निर्वाचन परिणाम सार्वजनिक गर्नुभएको हो।

थापा यस अघि विशेष महाधिवेशनबाट पनि सभापति पदमा निर्वाचित हुनु भएको थियो ।


## कर्मचारी आवश्यकता

तीन दशक अगाडिदेखि बीमा क्षेत्रमा अग्रणी सेवा पुर्याउँदै आएको नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडको लागि निम्न लिखित योग्यता पुगेका इच्छुक उमेदवारको आवश्यक परेकाले यो सूचना प्रकाशित भएको मितिले सात दिनभित्र आफ्नो पूर्ण व्यक्तिगत विवरण (बायोडाटा) सहितको निवेदनका लागि आहवान गरिएको छ ।

**पद :** सहायक

**कार्य क्षेत्रः** कोहलपुर, दाङ

**शैक्षिक योग्यताः** स्नातक

**कम्प्यूटरः** कम्प्यूटरमा दक्ष, नेपाली र अंग्रेजी टाईपिङ्ग अनिवार्य

**अनुभवः** जीवन बीमा व्यवसाय सम्बन्धी अनुभवी एवं स्थानीय व्यक्तिलाई विशेष ग्राहयता दिइने छ ।

**तलब भत्ता तथा अन्य सुविधाहरूः** कम्पनीको नियमानुसार हुने ।

**पुनश्च :** निवेदनमा सम्पर्क फोन नम्बर र पासपोर्ट साईजको फोटो अनिवार्य राख्न अनुरोध गरिन्छ।पर्न आएका निवेदनहरू मध्ये उपयुक्त छनौट गरिएका आवेदकहरूलाई मात्र अन्तर्वार्ताका लागि बोलाइनेछ ।

National Life
for a secure future....

**प्रादेशिक कार्यालय लुम्बिनी - नेपालगंज**
**फोन नं.: ०८१-५३०९५५**


# वर्षा र हावाहुरीले फेरि धानबालीमा ठुलो क्षति

-हाम्रो समाचार-

नेपालगन्ज–एक साताअघि परेको अविरल वर्षा र हावाहुरीले बाँकेका विभिन्न स्थानमा धानबालीमा गरेको क्षतिको विवरण सङ्कलन हुन नपाउँदै बुधबार परेको ठुलो वर्षा र हुरीका कारण फेरि धानबालीमा धेरै क्षति पुगेको छ ।

बुधबार दिउँसो एक्कासि भएको भीषण वर्षा र आएको हावाहुरीका कारण जिल्लाका धेरै ठाउँमा पाक्नै लागेको धानबाली ढलेर तथा केही ठाउँमा काटेर राखेको धान डुब्दा किसानलाई समस्या भएको कृषि ज्ञान केन्द्र बाँकेले जनाएको छ ।

कृषि ज्ञान केन्द्र बाँकेका सूचना अधिकारी सुजिता शर्माले पाकेर थन्क्याउने बेलामा वर्षाले धानबालीमा फेरि ठुलो क्षति पुर्‍याएको जानकारी किसानले गराएको बताउनुभयो । उहाँले डेढ साताअघि तीन दिन भएको अविरल वर्षा र आएको हावाहुरीले धानबालीमा ठुलो क्षति पुर्‍याएकाले दुःखी बनेका किसानलाई बुधबारको वर्षा र हावाहुरीले थप पीडा दिएको बताउनुभयो ।

बाँकेका विभिन्न स्थानमा धानबालीमा वर्षाले फेरि क्षति पुर्‍याएको जानकारी आए पनि क्षतिको यकिन विवरण सङ्कलन भई नसकेको जनाउँदै सूचना अधिकारी शर्माले दुवै पटकको क्षतिको विवरण सङ्कलन भइरहेको बताउनुभयो ।

# दसैंको किनमेलमा सीमापारिको चमक घट्दा नेपालगञ्जका मलहरूमा बढ्यो आकर्षण...

अभावलाई रोक्न नियमित बजार अनुगमनलाई अझ प्रभावकारी बनाउनुपर्ने उहाँको सुझाव छ।

रूपैडिहा जाने उपभोक्ताको संख्या हत्तपट्ट घटे पनि स्थानीय बजारमा सोही अनुपातमा व्यापार नबढेको नेपालगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष चिरञ्जीवी ओली बताउनुहुन्छ। उहाँका अनुसार मुख्य नाकामा कडाइ गरिए तापनि नेपाल र भारतबीचको खुला सीमाका कारण भित्री नाकाहरूबाट अझै पनि छिटपुट तस्करी हुनसक्ने जोखिम कायमै छ। त्यसैले, मुख्य नाकासँगै अन्य साना तथा भित्री मार्गहरूमा पनि निगरानी बढाउनुपर्ने आवश्यकता देखिएको छ।

भन्सार कडाइको यो नीतिले एकातिर राजस्व सङ्कलनमा टेवा पुर्याएको छ भने अर्कोतर्फ स्वदेशी बजारलाई चलायमान बनाउने सुनौलो अवसर पनि जुराएको छ। अब स्थानीय व्यापारीहरूले उपभोक्तालाई उचित मूल्यमा गुणस्तरीय वस्तु उपलब्ध गराउन सके र बजारलाई व्यवस्थित गर्न सके यो परिवर्तन दिगो बन्न सक्ने देखिन्छ।


## यौन हिंसाबाट बचौं र बचाऔं

- यौन हिंसाबाट बचौं र बचाऔं ।
- यौनजन्य हिंसा सामाजिक अपराध हो ।
- यस्तो हिंसा छिमेकी, आफन्त र नातेदारबाट समेत हुनसक्छ ।
- अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं ।
- उनीहरूको चालचलन, बानी, व्यवहारमा अस्वभाविक परिवर्तन आएको हुनसक्छ ।
- त्यस्तो पाइए तत्काल उनीहरूसँग कुरा गरौं ।
- बालबालिकालाई कुनै समस्या भए मन मिल्ने साथी वा अभिभावकलाई बताऔं ।

राजकुमार साहु
वडाध्यक्ष
नेपालगञ्ज उपमहानगरपालिका
२१ नं. वडा कार्यालय



## मितव्ययी रूपमा चाडपर्व मनाऔं

- चाडपर्व मनाउदा आम्दानी अनुसारको योजना बनाएर मात्र खर्च गरौं,
- देखासिकी र प्रतिस्पर्धाका लागि ऋण लिएर अनावश्यक खर्च नगरौं,
- आवश्यकता अनुसार मात्र सरसामान खरिद गर्ने बानी बसालौं,
- खरिद गर्दा स्थानीय तथा स्वदेशी उत्पादनलाई प्राथमिकता दिऔं,
- खाना तथा अन्य सामग्री खेर नफालौं,
- मितव्ययिता अपनाई परिवारको आर्थिक स्थायित्व कायम गरौं,
- चाडपर्वलाई अनावश्यक भड्किलो र खर्चिलो नबनाऔं ।

चाडपर्वको खुसी खर्चको प्रतिस्पर्धामा होइन, आत्मीयता र सद्भावमा हुन्छ ।

नेपाल सरकार
बिज्ञापन बोर्ड


हाम्रो समाचार राष्ट्रिय दैनिकका लागि भेषराज बस्नेतद्वारा प्रकाशित तथा सम्पादित, उप-सम्पादकः दिपक कठायत, प्रवन्ध सम्पादकः इन्दिरा बस्नेत,
कार्यालय:नेपालगन्ज-१०,फोन:९८४८०२९९५०,इमेल:hamrosamachardaily@gmail.com, मुद्रण:त्रिपुरा अफसेट प्रेस